# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन ५ गते २०६० साल (अतिरिक्ताङ्क १७


## भाग ३

## श्री ५ को सरकार
## स्थानीय विकास मन्त्रालयको
## सूचना

स्थानीय स्वायत्त शासन ऐन, २०५५ (संशोधन सहित) को दफा २३९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यका गाउँ विकास समिति, नगरपालिका एवं जिल्ला विकास समितिको निर्वाचन सम्पन्न नभएसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि ती निकायहरुको कार्य सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकाय तथा तत् तत् निकायका परिषदको समेत काम गर्ने गरी तोकिएको छ ।

गाउँ विकास समितिको हकमा

१. गाउँ विकास समितिको सचिव – अध्यक्ष
२. गाउँ विकास समितिको /इलाका स्थित कृषि वा पशु सेवासँग सम्वन्धित कार्यालयको प्रतिनिधि – सदस्य
३. गाउँ विकास समिति / इलाका स्थित स्वास्थ्यसँग सम्बन्धित कार्यालयका प्रतिनिधि – सदस्य

(ख) नगरपालिकाको हकमा

१. कार्यकारी अधिकृत – प्रमुख
२. जिल्ला प्राविधिक कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

662

३. जिल्ला स्थित जनस्वास्थ्य कायालयका अधिकृत प्रतिनिधि – सदस्य
४. जिल्ला स्थित आन्तरिक राजस्व कार्यालय अधिकृत प्रतिनिधि – सदस्य
५. जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि – सदस्य
६. जिल्ला मालपोत कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य
७. जिल्ला विकास समितिका योजना, अनुगमन तथा प्रशासकिय अधिकृत – सदस्य

(ग) जिल्ला विकास समितिको हकमा

१. स्थानीय विकास अधिकारी – अध्यक्ष
२. जिल्ला कृषि कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
३. जिल्ला शिक्षा कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
४. जिल्ला जनस्वास्थ्य कार्यालका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
५. जिल्ला महिला विकास कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
६. जिल्ला प्राविधिक कार्यालयका प्रमुख – सदस्य
७. जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य
८. जिल्ला मालपोत कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य
९. जिल्ला पशु सेवा कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य

(घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम सम्बन्धित स्थानीय निकायले गर्ने सबै कार्यहरु उपरोक्त बमोजिमका समितिहरुले गर्ने ।

(ङ) स्थानीय निकायको काम कारबाही गर्दा कुनै बाधा अडकाउ सिर्जना भएमा स्थानीय विकास मन्त्रालयले त्यस्ता बाधा अडकाउ फुकाउन आवश्यक निर्देशन वा निर्देशिका जारी गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्ने ।

(च) खण्ड ५२, मिति २०५९।४।३० अतिरिक्ताङ्क ३९, खण्ड ५२, मिति २०५९।७।१३ अतिरिक्ताङ्क ५२ (क) नेपाल राजपत्र भाग ३ मा प्रकाशित स्थानीय निकाय गठन सम्बन्धी यस मन्त्रालयका सूचनाहरु खारेज गरिएको छ र उक्त सूचनाहरु वमोजिम गठित समितिहरुले गरेका काम कारवाही यसै सूचना वमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
खेमराज नेपाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६६०४
मुद्रण विभाग सिंहदरबार